मालिका गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
अर्जाबाङ, गुल्मी
लुम्बिनी प्रदेश, नेपाल

कार्यपालिकाको वैठक संख्या:-८४

आज मिति २०८२/०६/०२ गतेका दिन यस मालिका गाउँपालिकाका अध्यक्ष श्री देविराम अर्याल ज्यूको अध्यक्षतामा वसेको गाउँ कार्यपालिकाको बैठकमा तपसिलको उपस्थितिमा निम्न प्रस्तावहरुको सम्बन्धमा व्यापक छलफल गरी निर्णयहरु पारित गरियो ।

उपस्थिति:-

| क्र.सं. | पद | नाम थर | दस्तखत |
|---|---|---|---|
| १. | अध्यक्ष | श्री देविराम अर्याल | |
| २. | उपाध्यक्ष | श्री उपेन्द्र अर्याल | |
| ३. | वडा अध्यक्ष | श्री दीपक श्रीस | |
| ४. | वडा अध्यक्ष | श्री विनोद श्रीस | |
| ५. | वडा अध्यक्ष | श्री ज्ञान कुमार वुढा | |
| ६. | वडा अध्यक्ष | श्री नारायण प्रसाद अर्याल | |
| ७. | वडा अध्यक्ष | श्री रेखा कुमार जि.सी. | |
| ८. | वडा अध्यक्ष | श्री दिपक भन्डारी | |
| ९. | वडा अध्यक्ष | श्री हिरा वहादुर कार्की | |
| १०. | वडा अध्यक्ष | श्री सूर्य वहादुर घर्ती क्षेत्री | |
| ११. | कार्यपालिका सदस्य | श्री अन्जु सुनार | |
| १२. | कार्यपालिका सदस्य | श्री तुलविर कामी | |
| १३. | कार्यपालिका सदस्य | श्री दिपा गिरी महतरा | |
| १४. | कार्यपालिका सदस्य | श्री लक्ष्मी खत्री | |
| १५. | कार्यपालिका सदस्य | श्री सकुन्तला पन्थी | |
| १६. | कार्यपालिका सदस्य | श्री कमल सुनार | |
| १७. | सचिव (प्र.प्र.अ.) | श्री विवेक खनाल | |
| १८. | का.स. | श्री डिल्लिराज भट्टराई | |

आमन्त्रितहरु

१९. इन्जिनियर श्री विष्णु अर्याल
२०. शिक्षा शाखा प्रमुख श्री लुम बं. घर्ती मगर
२१. लेखा प्रमुख श्री राम कुमार केसी
२२. सूचना प्रविधि शाखा प्रमुख भगत.बं. पडेल

प्रस्तावहरु:-

१. उद्यम विकास सहजकर्ताको छुट तलव भत्ता भुक्तानी सम्बन्धमा,
२. घर भाडामा लिने सम्बन्धमा,
३. विद्यालय समायोजन तथा शिक्षक दरवन्दी मिलान समितिले गरेका निर्णयहरु अनुमोदन सम्बन्धमा
४. वर्षादको समयमा बिग्रेका मो.बा.हरु वडादशैको आगमन सँगसँगै मर्मत गर्ने/गराउने सम्बन्धमा,
५. देशको विद्यमान अवस्थाको विश्लेषण र गाउँपालिकाले अवलम्बन गर्नुपर्ने विषयहरुको सम्बन्धमा,
६. मौलोपूजाका लागि रकम उपलब्ध गराउने सम्बन्धमा,
७. वडा दशैको विदाको समयमा कार्यालयको सुरक्षा व्यवस्था सम्बन्धमा,
८. पिस पार्कको काउन्टरमा रहेको झ्यालमा पल्ला जडान सम्बन्धमा,
९. लेन्थ वर्कर काममा लगाउने अवधि थप सम्बन्धमा,
१०. प्रशासकीय भवनमा खानेपानी व्यवस्थापनको कार्य अमानतमा गराउने सम्बन्धमा,
११. पिस पार्कमा पिङ्ग जडान सम्बन्धी कामकाज अमानतमा गराउने सम्बन्धमा,
१२. मोवाइल क्रसर प्लान्ट सञ्चालनका लागि सहजीकरण गर्ने सम्बन्धमा,
१३. अघिल्लो गाउँकार्यपालिकाको वैठकले गरेका निर्णयहरुको समिक्षा सम्बन्धमा,

वैठकका निर्णयहरु:-

| क्र.सं. | प्रस्ताव पेश गर्ने शाखा | निर्णयको संक्षिप्त व्यहोरा |
|---|---|---|
| १. | प्रशासन शाखा | यस मालिका गाउँपालिकामा उद्यम विकास कार्यक्रम सञ्चालनको लागि उद्यम विकास सहजकर्ताको रुपमा विगत लामो समय देखि सुमित्रा के.सी.ले कामकाज गर्दै आएकोमा निज २०८२ जेठ देखि प्रसुती विदामा वसेकोमा आ.ब. २०८१/०८२ को जेठ र असार महिनाको तलव भत्ता भुल वस लेखा शाखाबाट भुक्तान नभएकोमा चालु आ.ब.२०८२/०८३ मा विनियोजित संघीय सशर्त अनुदान अन्तरगत उद्यम विकास सहजकर्ताको लागि तलव भत्ता शिर्षकमा विनियोजित रकमबाट छुट तलव वापतको रकम भुक्तानी दिने निर्णय गरियो। |
| २ | प्रशासन शाखा | यस गाउँपालिकामा कार्यरत नगर प्रहरीमा १ जना महिला भएको, निजलाई अगल आवास चाहिने र २ जना सिमलटारी साइटमा डयुटीमा खटिनु पर्ने भएको कारण गत आ.ब. देखि नै २ ठाउँमा गाउँपालिकाले तपसिलका घर धनीहरुसँग घर भाडामा लिने गरेको र चालु आ.ब.२०८२/०८३ मा समेत उक्त घरहरु नगर प्रहरीको लागि अत्यावश्यक भएको हुदा साविकको घर भाडा रकम |

अध्यक्ष

प्रमुख प्रशासकीय अधिकृत

| | | |
|---|---|---|
| | | भुक्तानी गर्ने गरी ६ महिनाको लागि उक्त घरहरु भाडामा लिने निर्णय गरी सम्झौताको लागि प्रशासन शाखालाई अनुमति दिने निर्णय गरियो।<br>तपसिलः<br>१.सन्त वहादुर कामी मालिका-४ अर्खावाङ्ग<br>२.विमला अर्याल मालिका-८ मरभुङ्ग<br>३.शिवलाल अर्याल शर्मा मालिका-४ अर्खावाङ्ग |
| ३. | शिक्षा शाखा | मालिका गाउँपालिकाको शिक्षा ऐन,२०७५ अनुसार यस गाउँपालिकामा रहेको विद्यालय समायोजन तथा शिक्षक दरबन्दी मिलान समितिको मिति २०८२/०२/०७ गतेका दिन वसेको वैठकले तपसिलका विषयहरुमा निर्णय गरी अनुमोदनको लागि गाउँ कार्यपालिकाको बैठकमा पेश हुन आएकोले उक्त निर्णय अनुमोदन गर्ने निर्णय गरियो।<br>तपसिलः-<br>१.स्वयम सेवक शिक्षक परिचालन कार्यक्रम अन्तरगत विनियोजित वजेट रु.२५ लाख विभिन्न विद्यालयमा वितरण सम्बन्धमा। |
| ४. | योजना शाखा | वर्षादको कारण विग्रेका सडकहरु वडा दशैको आगमन सँगै आम नागरिकहरु घर आवत/जावत तथा यातयातका साधनहरुको चाप वढ्ने भएकोले आम नागरिकहरुको यात्रालाई सहज वनाउने उदेश्य अनुरुप आ आफ्नो वडामा रहेका मुख्य तथा अत्यावश्यक शाखा मो.बा.हरुको सफाई तथा पहिरो हटाउने कार्यको लागि आम भेलाबाट उपभोक्ता समिति गठन गरी प्राविधिक लागत अनुमान तयार गरी गाउँपालिकासँग सम्झौता पश्चात मौसमको ख्याल गरी सफाई तथा पहिरो हटाउने कार्य सम्बन्धित वडा अध्यक्षको नेतृत्वमा सञ्चालन गर्ने निर्णय गरियो। |
| ५. | प्रशासन शाखा | देशको वदलिदो राजनीतिक परिवेशका सन्दर्भमा विश्लेषण गर्दा आम युवा तथा अन्य नागरिकहरु राज्यद्वारा प्रदान गरिने सेवा सुविधा र सेवा प्रवाहको सन्दर्भमा सन्तुष्ट भएको अवस्था नदेखिएको हुँदा हामी सवै जनप्रतिनिधी तथा कर्मचारीहरुले पदीय आचरणलाई सतप्रतिशत लागु गर्ने, सरकारी सम्पत्तिको समूचित प्रयोग र परिचालन गर्ने, सुशासनमा विशेष जोड दिने, सेवाग्राहीहरुसँग मित्रवत र समान व्यवहार गर्ने, सेवा प्रवाहलाई सरलीकरण गर्ने,सेवा प्रवाहको लागत सम्भव भएसम्म घटाउने र समग्रमा गाउँपालिकाको समग्र सेवामा सुधार |

मालिका गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय अर्खावाङ्ग, गुल्मी लुम्बिनी प्रदेश, नेपाल

अध्यक्ष

प्रमुख प्रशासकीय अधिकृत

| | | |
|---|---|---|
| | | ल्याउने सम्बन्धमा निर्णय गरी सवै कर्मचारीहरुलाई सोही अनुसारको परिपत्रका लागि प्रशासन शाखा प्रमुखलाई निर्देशन दिने निर्णय गरियो। |
| ६. | आर्थिक प्रशासन शाखा | प्रत्येक वर्ष हिन्दुहरुको महान चाड वडा दशैको शुभ अवसरमा यस गाउँपालिका क्षेत्र भित्रका नगर प्रहरी तथा प्रहरी चौकीहरुमा मौलो पूजा गर्नको लागि गाउँपालिकाबाट निस्चित रकम उपलब्ध गराउँदै आएको सन्दर्भमा आ.ब.२०८२/०८३ को वडा दशैमा मौलो पुजाको लागि तपसिलका प्रहरी चौकीहरुमा तपसिल अनुसारको रकम उपलब्ध गराउने निर्णय गरियो।<br>१.गाउँपालिका नगर प्रहरी परिसर भित्रको मौलो पुजा वापत रु.५०,०००/-<br>२.सिमलटारी प्रहरी चौकी मौलो पुजा वापत रु.१५,०००/-<br>३.इस्मा प्रहरी चौकी मौलो पुजा वापत रु.१०,०००/-<br>४.पौदी अमराइ प्रहरी चौकी मौलो पुजा वापत रु.१२,०००/-<br>५.अर्खावाङ्ग प्रहरी चौकी मौलो पुजा वापत रु.२०,०००/- |
| ७. | नगर प्रहरी शाखा | वडा दशै २०८२ को विदा अवधीमा कार्यालयको सुरक्षा तथा हेरचारको लागि नगर प्रहरी ५ जना र पाले विर वहादुर घर्ती गरी जम्मा ६ जना जनशक्ति उपलब्ध भएकोमा सोको व्यवस्थापनको जिम्मा नगर प्रहरी हवल्दार श्री सोविराम वि.क.लाई दिने निर्णय गरियो। |
| ८. | योजना शाखा | मालिका गाउँपालिकाको प्रमुख पर्यटकीय केन्द्र पिस पार्कलाई व्यवस्थित वनाउने, न्यूनतम शुल्क निर्धारण भएकोले सो उठाउने र आवश्यक कागजात राखको लागि काउन्टरको निर्माण भइसकेको, काउन्टरमा जडान गरिएको झ्यालमा पल्ला जडान नभएको कारण उक्त झ्यालमा काठ तथा मिस्त्रीको व्यवस्थापन गरी पल्ला जडान कार्यको लागि प्राविधिक ल.ई.तयार गरी सोही अनुसार कामकाज गराउने र मूल्याङ्कन बमोजिमको रकम भुक्तानी गर्ने गरी यस गाउँपालिकाका पाले श्री विर वहादुर घर्तीलाई कायदिश दिने निर्णय गरियो। |
| ९. | रोजगार शाखा | वर्षादको समयमा गाउँपालिका क्षेत्रभित्रका मो.बा.हरुको नियमित मर्मत संभार कार्यको लागि २०८२ श्रावण र भाद्र मसान्त सम्म आवश्यकता अनुसार लेन्थ वर्कर मार्फत कामकाज गराउने निर्णय भएकोमा असौज महिनामा अलि वर्षाद भएको र दशैको आगमन सँगै सवारी साधनहरुको चाप वढ्ने हुँदा आवश्यक सडक/मो.बा.हरुको नियमित मर्मत संभार कार्य गर्नको मिति २०८२/०६/१० गते सम्म गरी जम्मा १० दिनको समयावधी थप गरी लेन्थ वर्करहरु प्रयोग गरी मो.बा.हरुको मर्मत संभार गरी सडक यातायातलाई सहज बनाउने सम्बन्धमा निर्णय गरियो। |

मालिका गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
अर्खावाङ, गुल्मी
लुम्बिनी प्रदेश, नेपाल

अध्यक्ष

प्रमुख प्रशासकीय अधिकृत

| | | |
|---|---|---|
| १०. | प्राविधिक शाखा | नयाँ प्रशासकीय भवनको निर्माण कार्य सम्पन्न भई कार्यालय सञ्चालनमा रहेको, खानेपानीको व्यवस्थापन सम्बन्धमा ठेकेदारले गर्ने कार्य वाहेका कार्यहरु पाइपलाइन खन्ने पुर्ने,वालवालिका मैत्री धारा निर्माण लगायतका कार्यहरु गर्नको लागि प्राविधिक ल.ई. तयार गरी गाउँपालिकाले अमानतमा गराउने र सो कार्यको लागी यस गाउँपालिकाका खा.पा.स.टे. श्री जयलाल पोखेललाई कार्यदिश दिने निर्णय गरियो। |
| ११. | योजना शाखा | मालिका गाउँपालिकाको प्रमुख पर्यटकीय स्थल मालिका पिस पार्कमा वडा दशैं २०८२ को शुभ अवसरमा पिङ्ग जडान गर्ने, सामग्रीको व्यवस्थापन गाउँपालिकाको जिन्सी शाखाले मिलाउने र बाँकी निर्माणको कार्य गर्नको लागि कार्यालय सहयोगी श्री विर वहादुर घर्तीलाई कार्यदिश दिने निर्णय गरी उक्त पिङ्ग निर्माणमा भएको खर्च वापतको रकम गाउँपालिकाको विविध शिर्षकमा विनियोजित रकमबाट भुक्तानीको व्यवस्था मिलाउने निर्णय गरियो। |
| १२. | प्रशासन शाखा | सालझन्डी ढोरपाटन सडक खण्ड अन्तरगत ठेक्का नं.-SSDRP/ 337011064/ -081/082-02(NH) 52 को सडक निर्माण कार्य प्रयोजनार्थ मोवाइल क्रसर प्लान्ट स्थापनाको लागि सालझन्डी सन्धिखर्क ढोरपाटन सडक आयोजनाको मिति २०८२/०५/०१ को च.नं.७६ को पत्र प्राप्त भई व्यहोरा अवगत गरियो। सोही अनुसार उक्त सडक खण्ड पिच गर्ने कार्यक्रम भएको हुँदा उक्त सडक खण्ड निर्माणको लागि आवश्यक सामग्री तयारीको लागि मोवाइल क्रसर प्लान्ट अत्यावश्यक भएको हुँदा मिति २०८४/०७/०६ सम्मको अवधिको लागि मोवाइल क्रसर प्लान्ट स्थापनाको लागि अनुमति दिने र आवश्यक सहजीकरण गर्ने सम्बन्धमा निर्णय गरियो। |
| १३. | प्रशासन शाखा | गाउँकार्यपालिका बैठकले निर्णय गरेका विषयहरुको कार्यान्वयनका सम्बन्धमा छलफल/समिक्षा गरी अघिल्लो गाउँ कार्यपालिका बैठकले गरेका निर्णयहरुको कार्यान्वयनको अवस्था सन्तोषनक रहेको सम्बन्धमा निर्णय गरियो। |

मालिका गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
... गुल्मी
लुम्बिनी प्रदेश नेपाल

अध्यक्ष

प्रमुख प्रशासकीय अधिकृत